गुलरिया नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
५ न. प्रदेश,बर्दिया

**नगर बस्तुगत विवरण तयारीका लागि प्राविधिक तथा आर्थिक प्रस्ताव आह्वान गरिएको सूचना**

प्रथम पटक प्रकाशित मिति:२०७४/१२/२७

यस गुलरिया नगरपालिका को सार्बजनिक खरिद एन तथा नियमावली अनुसार नगरपालिकाको नगरपरिशद बाट पारित यस कार्यालयले आवस्यक ठानेका बिषयहरु समाबेश गरि यस नगरपालिकाको क्षेत्रगत स्थिति,बिस्तृत र खण्डीकृत तथायंक सहितको नगर बस्तुगत विवरण तयार गर्नप्रतिस्पर्धाका आधारमा सेवा प्रदायक छनोट गर्नुपर्ने भएकोले इच्छुक योग्यता पुगेका व्यक्ति/संस्था/फर्म/कम्पनीहरुबाट देहायको शर्तहरुको अधिनमा रही रितपूर्वकको प्रस्ताव आह्वान गरिएको छ|

शर्तहरु:

१. प्रस्तावकले TOR प्राप्त गर्नका लागि निम्नानुसारक प्रमाण पत्रहरुको प्रतिलिपि पेश गर्नु पर्ने छ|
(क) व्यवसायिक फर्म,संस्था वा कम्पनि दर्ता तथा अधावाधिक नविकरण भएको प्रमाणपत्र
(ख) मु.अ.कर. दर्ता प्रमाणपत्र, (ग)आ.व. ०७३/०७४ को कर चुक्ता प्रमाण पत्र

२. सूचना प्राथम पटक प्रकाशन भएको मितिले १५ औदिन सम्मको कार्यालय समय भित्र यस कार्यालय बाट प्राप्त गरि १६ औदिनको १२:०० बजेसम्ममा यस कार्यालयमा प्रस्ताब दर्ता गराई सक्नुपर्ने छ यसरी दर्ता भएका प्रस्ताबहरु सोहि दिन दिनको १४:०० बजे प्रस्ताबदाताहरु वा निजहरुको अधिकारीक प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिने छ|प्रस्ताबदाता वा निजहरुको अधिकारिक प्रतिनिधि उपस्थित नभए पनि प्रस्ताब खोल्न बाधा पर्ने छैन|

३. प्रस्तावदाताले प्राबिधिक र आर्थिक प्रस्ताब अलग अलग खाममा शिलबन्दी गरि खाम बाहिर कुन प्रकारको प्रस्ताब हो सो खुलाई दुवै प्रस्ताबलाई अर्को छुट्टै खाममा शिलबन्दी गरि पेश गर्नुपर्नेछ|रित नपुगेको म्याद नाघी आएको प्रस्ताब उपर कुनै कारबाही हुने छैन|

४. प्रस्ताब दर्ता गर्न र खोलिने दिन सार्बजनिक बिदा पर्नगएमा त्यस पछि लगतै कार्यालय खुलेको दिन माथि सी.न. २ मा प्रथम पटक प्रकाशन मिति:२०७४/१२/२६ तोकिएको समय अनुसार नै दर्ता गर्ने र खोल्ने कार्य गरिने छ|

५. तोकिएको मिति र समय भित्र दर्ता हुन आएका प्रस्ताबहरु सार्बजनिक खरिद एन २०६३,सार्बजनिक खरिद नियमावली २०६४, र मा उल्लेखित शर्तबमोजिम मुलायांकन गरि प्रस्ताब छनोट गरिने छ|

६. प्राबिधिक प्रस्ताबमा सफल प्रस्ताबदाताहरुको मात्र आर्थिक प्रस्ताब खोलिने छ|

७. प्रस्ताब स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा रहने छ|

८. यस बिषयमा थप जानकारी लिनुपर्ने भएमा यस कार्यालयको फोन न. ०८४-४२००४८ र मोबाइल न ९८४८२५८३३२ मा कार्यालय समयभित्र सम्पर्क राख्न र यस कार्यालयको वेबसाइट www.gulariyamun.gov.np मा हेर्न सकिने छ|

नि. प्रमुख प्रशासकिय अधिकृत